आज मिति २०७३ साल आषाढ १४ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. लेखा अधिकृत श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

७ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

८. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

**निर्णय :**

**निर्णय नं.१:** नेपाल सरकारले जारी गरेको स्थानिय निकाय लैंगिक वजेट परीक्षण निर्देशिका २०६४ तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धि निती २०६६ अनुरुप नगरपालिकाद्धारा गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदनका सम्बन्धमा छलफल गरी प्रतिवेदनमा औंल्याईएका सुधार गर्नुपर्ने पक्षहरु समेट्दै नगरपालिकाले आगामि दिनहरुमा अझ बढी क्रियाशिल रहन तपसिलका रणनीतिहरु तय गरी क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

तपसिल:

१. नगरस्तरिय लैससास समिति गठन गरिनेछ ।
२. लैससास हेल्प डेक्स स्थापना गरी सो मार्फत प्राप्त उजुरी उपर समितिमा छलफल गर्ने व्यवस्था मिलाईनेछ ।
३. वार्षिक कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
४. लैससास अनुशिक्षणका लागि वजेटको व्यवस्था गरिनेछ ।
५. लैससास आचार संहिता बनाई लागु गरिनेछ ।
६. लक्षित कार्यक्रमका प्रगतिहरुको खण्डीकृत सूचि बनाई अभिलेख राखिनेछ ।
७. लैससास विकासका असरहरुको अनुगमन मुल्यांकन गरिनेछ ।
८. अनुगमन मुल्यांकनबाट प्राप्त सुझावहरुलाई बोर्ड बैठकमा छलफल गरिनेछ ।
९. दलित वर्ग उत्थान समिति, महिला समन्वय समिति गठन गरिनेछ ।
१०. महिला, बालबालिका र लक्षित वर्गको सक्रिय सहभागिता गराउन नगरपरिषदबाट नीतिगत निर्णय लिईनेछ ।
११. लैससास श्रोत व्यक्ति तयार गर्नका लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
१२. विषयगत कार्यालयहरुसंग समन्वय, सहकार्य गरी कार्यक्रम संचालनमा विशेष जोड दिईनेछ ।
१३. स्थानिय रेडियो तथा संचार माध्यमबाट लैससास सम्बन्धि जानकारीमुलक सन्देशहरु प्रवाह गरिनेछ ।
१४. स्थानीय संचारकर्मीहरुलाई लैससास सम्बन्धि अभिमूखिकरण गरिनेछ ।
१५. सूचना केन्द्रमा लैससास सम्बन्धि सामाग्रीहरु व्यवस्था गरिनेछ ।
१६. महिला विरुद्ध हुने हिंसा निर्मुल गर्न अभियान संचालन गरिनेछ ।
१७. महिला विकास लक्षित वर्गविकासका लागि भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुका बारेमा सरोकारवालालाई अनुशिक्षण गरिनेछ ।

**निर्णय नं. २:** यस न. पा. कार्यालयको सुझाव पेटिका खोली प्राप्त सुझाव सम्बन्धमा गुनासो सुन्ने अधिकारी मार्फत प्राप्त प्रतिवेदन उपर छलफल गरी सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।